त्रिभुवन विश्वविद्यालय

# विज्ञान तथा प्रविधि अध्ययन संस्थान

## डीनको कार्यालय

कीर्तिपुर, काठमाडौं, नेपाल

पत्र सङ्ख्या
च.नं. २५२।७८(७९)

विज्ञान तथा प्रविधि अध्ययन संस्थान डीनको कार्यालय कीर्तिपुर २०४५

मिति : २०७८।५।२८

श्री क्याम्पस । विभागिय प्रमुख ज्यू,

विज्ञान तथा प्रविधि अध्ययन संस्थान तर्फका क्याम्पस । केन्द्रिय विभाग सबै

विषय : लघु अनुसन्धान **(Mini Research)** प्रस्ताव आव्हान बारे ।

उपरोक्त विषयमा त्रि.वि. अनुसन्धान निर्देशनालयको संलग्न पत्रानुसार **लघु अनुसन्धान (Mini Research) प्रस्ताव आव्हान गरिएकोले** उक्त कार्यक्रममा सहभागि हुन इच्छुक शिक्षक कर्मचारीहरुलाई जानकारी गराइदिनु हुन अनुरोध छ ।

............................

सह प्रा.डा. सुरेन्द्र कुमार गौतम
सहायक डीन

# शिक्षाध्यक्षको कार्यालय
## OFFICE OF THE RECTOR
## अनुसन्धान निर्देशनालय
## RESEARCH DIRECTORATE

त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाण्डौ,
नेपाल ।

Tribhuvan University
Kirtipur, Kathmandu,
Nepal.


Ref. No./ प.सं.फा.
च.नं. १६९/०७८–७९

Date/ मिति:
२०७८/५/१८

दर्ता ३२६/०७८/७९

१८/५/२२

श्रीमान् डीनज्यू,
विज्ञान तथा प्रविधि अध्ययन संस्थान,
कीर्तिपुर ।

**विषय :– लघु अनुसन्धान (Mini Research) प्रस्ताव आव्हान गरेको बारे ।**

महोदय,

त्रिभुवन विश्वविद्यालयको आर्थिक अनुदानमा यस निर्देशनालयवाट आ.व. २०७८/०७९ को नियमित अनुसन्धान परियोजना अनुसार प्रति अनुसन्धान रु. ५०,०००।– (अक्षरेपी रु. पचास हजार मात्र) अनुसन्धान खर्चमा स्वीकृत जम्मा १०० वटा लघु अनुसन्धान कार्यक्रम सञ्चालन गरिने व्यहोरा जानकारी गराईन्छ । यसै सन्दर्भमा त्यस विभाग, कार्यालय, क्याम्पसमा कार्यरत अनुसन्धान गर्न इच्छुक करार, अस्थायी र स्थायी शिक्षक तथा कर्मचारीहरुबाट आफ्नो विशिष्ट रुचिगत विषय क्षेत्र र त्रि. वि. को शिक्षण अनुसन्धान कार्यमा सहयोग पुऱ्याउन सक्ने किसिमका लघु अनुसन्धान कार्यका लागि संलग्न निर्देशिका एवं मापदण्ड (Website:www.tu.edu.np) अनुसार तीन प्रति अनुसन्धान प्रस्ताव यस निर्देशनालयमा **मिति २०७८ साल कार्तिक १० गते दिउँसो ४ वजे भित्र** आइपुग्नका लागि सूचना गरी सम्वन्धित सवै शिक्षक/कर्मचारीहरुलाई परिपत्र गरि दिनु हुन अनुरोध गर्दछु ।

आर्थिक वर्ष २०७५/२०७६, २०७६/०७७ र २०७७/०७८ मा यस प्रकारको लघु अनुसन्धान कार्य यस निर्देशनालयवाट गर्ने अवसर पाएका व्यक्तिहरुको लागि यो सुविधा दिइने छैन । साथै यस आर्थिक वर्षमा विश्वविद्यालय अनुदान आयोग, डीनको कार्यालय वा अन्य निकायबाट सञ्चालित अनुसन्धान परियोजनामा संलग्न भएको वा अध्ययन विदा, स्वअध्ययन विदा र वेतलवी विदा उपभोग गरि रहेको व्यक्तिहरुको अनुसन्धान प्रस्ताव मान्य नहुने व्यहोरा समेत सूचित गरिदिनु होला । निकाय प्रमुख भन्दा अन्य व्यक्तिले प्रमाणित गरेको, संलग्न निर्देशिका अनुसार नभएको र तोकिएको समय भन्दा ढिलो गरी यस निर्देशनालयमा आएको प्रस्ताव छनौटका लागि समावेश नगरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

प्रा.डा. उमेश कुमार मण्डल
निर्देशक

निर्देशक

श्री योजना, 
शाखा
मिति २०७८/५/२२